annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ८ पृष्ठ १० | काठमाडौं, बुधवार २६ वैशाख २०८१ | वैशाख कृष्णपक्ष औंसी, नेपाल संवत् ११४४ | WEDNESDAY, MAY 8, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# सत्ताको लोभमा यसरी टुक्रिए मधेसका दलहरू

सत्तामा जानेबित्तिकै जनताका समस्याहरूलाई बिर्सने र सत्ता लोलुप्तामै रमाउने मधेसी नेताहरूको चरित्रकै कारण पटक-पटक पार्टीमा विभाजन आउने गरेको अधिकांश विश्लेषकको बुझाइ छ। पार्टी गठन गर्दा मधेसको मुद्दालाई प्रधान भन्ने तर, सत्तामा पुगेपछि आफूहरू राष्ट्रिय पार्टी रहेको र राष्ट्रको मुद्दा आफ्नो मुद्दा भन्दै पन्छिने प्रवृत्तिले पनि मधेसवादी भनिएका पार्टीहरूको जनआधार कमजोर हुँदै गएको छ।

**मनिका झा** | *जनकपुरधाम*

**– को रिपोर्ट**

| साल | मूल पार्टी | अध्यक्ष : | फुटेर बनेको पार्टी | अध्यक्ष : |
|---|---|---|---|---|
| २००८ साल | तराई कांग्रेस | कुलानन्द झा<br>वेदानन्द झा<br>रामजनम तिवारी | नेपाल सद्भावना परिषद् | गजेन्द्रनारायण सिंह<br>रामजनम तिवारी |
| २०४७ साल | नेपाल सद्भावना परिषद् | गजेन्द्रनारायण सिंह<br>रामजनम तिवारी | सद्भावना पार्टी<br>नेपाल सद्भावना पार्टी (आर)<br>समाजवादी जनता दल<br>नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)<br>नेपाल सद्भावना पार्टी<br>सद्भावना पार्टी<br>संघीय सद्भावना पार्टी<br>तराई मधेस सद्भावना पार्टी | गजेन्द्र नारायण सिंह<br>रामजनम तिवारी<br>रामेश्वर राय यादव<br>आनन्दीदेवी सिंह<br>बद्री मण्डल<br>राजेन्द्र महतो<br>अनिलकुमार झा<br>महेन्द्र राय यादव |
| २०६४ साल | मधेसी जनअधिकार फोरम नेपाल | उपेन्द्र यादव | मधेसी जनअधिकार फोरम (मधेस)<br>तराई मधेस फोरम<br>मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक)<br>मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) | भाग्यनाथ गुप्ता<br>अमर यादव<br>विजयकुमार गच्छेदार<br>जयप्रकाश गुप्ता |
| २०६४ साल | तराई मधेस लोकतान्त्रिक पार्टी | महन्थ ठाकुर | तमलोपा नेपाल<br>जनता प्रगतिशील पार्टी<br>तमलोपा | महेन्द्रराय यादव<br>हृदयेश त्रिपाठी<br>बृषेशचन्द्र लाल |
| २०७६ साल | समाजवादी पार्टी | डा. बाबुराम भट्टराई<br>उपेन्द्र यादव | नेपाल समाजवादी पार्टी | डा. बाबुराम भट्टराई |
| २०७७ साल | जनता समाजवादी पार्टी नेपाल | महन्थ ठाकुर<br>उपेन्द्र यादव | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल<br>जनता समाजवादी पार्टी | महन्थ ठाकुर<br>अशोक राई |

समाचार पृष्ठ २

नेसनल पेमेन्ट गेट वे प्रकरण

# पौडेललाई ९ वर्ष कैद, २३ करोड २७ लाख जरिवाना

**अन्नपूर्ण** | *काठमाडौं*

विशेष अदालतले नेपाल टेलिकमका तत्कालीन प्रबन्ध निर्देशक सुनिल पौडेललाई ९ वर्षको कैद सजाय सुनाएको छ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर र सदस्य मुरारीबाबु श्रेष्ठको इजलासले पौडेललाई सरकारी कारोबार विद्युतीय माध्यमबाट गर्ने राष्ट्रिय भुक्तानी प्रणाली (नेसनल पेमेन्ट गेटवे) प्रकरणमा दोषी ठहर गर्दै कैद र जरिवानाको सजाय सुनाएको हो।

अदालतले पौडेलसँग २३ करोड २७ लाख ५८ हजार ७७ रुपैयाँ बिगो र सोहीबराबर जरिवानाको सजाय सुनाएको छ। राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक पौडेललाई गत वैशाख ७ गते अदालतले भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको थियो। सजाय निर्धारण गर्न मंगलबार पेसी तोकिएको थियो। दोषी ठहर भएका पौडेल डिल्लीबजार कारागार चलान भएका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेसनल पेमेन्ट गेटवेका लागि उपकरण तथा परामर्श सेवा खरिदमा अनियमितता गरेको दाबी गर्दै दायर गरेको मुद्दामा पौडेललाई दोषी ठहर गरेको हो। परामर्श सेवा खरिदका लागि पौडेलले केन्द्रको तर्फबाट कार्यकारी निर्देशकको हैसियतमा सीएमए स्मल सिस्टम एबीसँग परामर्श सेवा खरिद सम्झौता गरेका थिए। तत्पश्चात् परामर्श सेवा खरिद गरी उनले संस्थाको प्रमुखको हैसियतमा भुक्तानी दिने आदेश गरी २३ करोड २७ लाख ५८ हजार ७७ रुपैयाँ भुक्तानी गरेको आदेशमा उल्लेख छ। उक्त रकम भुक्तानी गरी खरिद गरिएको सफ्टवयेर सञ्चालनमा ल्याउनुपर्ने जिम्मेवारी संस्थाको प्रमुखको रूपमा पौडेलको भए पनि हालसम्म पनि सञ्चालनमा नआएको आदेशमा जनाइएको छ।



सुनिल पौडेल

पौडेलले आफ्नो ओहोदाको कर्तव्य पालना गर्दा लापरबाही गरी उक्त मूल्य तिरी खरिद गरिएको परामर्श सेवा र सफ्टवयेर सञ्चालनमा नल्याइ प्रयोगविहीन अवस्थामा रहेबाट सरकारको रकम दुरुपयोग हुन गई हानी नोक्सानी पुगेको आदेशमा उल्लेख छ। अख्तियारले पौडेल, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनीसहित ९ जनाविरुद्ध २०८० असोज १५ गते मुद्दा दायर गरेको थियो।

# सरकारले पूर्वाधारमा लगानी गर्नुपर्छ



**शम्भु प्रधान**

इजलास

फुटबल खेल गाउँ सहर मात्र नभई विश्वभरि नै लोकप्रिय छ। डेढ दशकअघिसम्म पूर्वीक्षेत्रमा सीमित संख्यामा फुटबल प्रतियोगिता सञ्चालन हुन्थे। तर, आजको दिनसम्म आइपुग्दा सानादेखि ठूला स्तरका सयौं संख्यामा फुटबल प्रतियोगिताहरू सञ्चालन हुँदै आइरहेका छन्। धनकुटामा अहिले सञ्चालन हुँदै आइरहेको सहिद भीमनारायण गोल्डकपको यो १६औं संस्करण हो। १६औं संस्करणसम्म आइपुग्दा गोल्डकपले राष्ट्रिय स्तरका नाम चलेका धेरै खेलाडी उत्पादन गरिसकेको छ।

नेपालका नम्बर वान गोलकिपर, राष्ट्रिय टोलीका कप्तान किरण चेम्जोङ भीमनारायण गोल्डकपकै उत्पादन होभन्दा फरक पर्दैन। त्यस्तै राष्ट्रिय टोलीबाट खेलिसकेका सुजल श्रेष्ठ, 'ए' डिभिजन लिगमा विभिन्न क्लबबाट खेलिसकेका बुद्ध चेम्जोङ, राजु नगरकोटी, अहिले नेपाल पुलिस क्लबबाट खेल्ने कप्तानसमेत रहेका राम बाजीलगायत सयौं खेलाडीहरू छन्। जसले धनकुटाबाट राष्ट्रियस्तरसम्म प्रतिनिधित्व गरेका छन्।

स्थानीयदेखि राष्ट्रिय स्तरमा हुने फुटबल प्रतियोगिताले बालबालिकालाई खेलकुदप्रति लगाव राख्न प्रोत्साहित गर्छ। नाम चलेका खेलाडीहरूले आँखैअगाडि खेल कौशल देखाउँदा उनीहरूलाई खेल क्षेत्रमा आकर्षित गराउँछ। पछिल्लो समय धेरै प्रतियोगिता सञ्चालन भइरहे पनि पूर्वाधारको विकास हुन सकेको छैन। खेलमैदान स्तर मापदण्डअनुसार छैन। बर्सेनि सहिद भीमनारायण गोल्डकप फुटबल प्रतियोगिता सञ्चालन भइरहे पनि खेल मैदानको स्तरोन्नति राम्रोसँग हुन सकेको छैन।

सरकारले पर्याप्त लगानी गर्न नसक्दा खेलमैदानको स्तरोन्नति हुन नसकेको हो। अब सरकार र फुटबलसँग सम्बन्धी निकायले खेलमैदानको स्तरोन्नत्ति गर्नतर्फ ध्यान दिनु आवश्यक देखिन्छ। पछिल्लो समय आयोजना हुँदै आइरहेको विभिन्न फुटबल प्रतियोगिताहरू व्यक्तिगत रूपमा आर्थिक सहयोग संकलनको भरमा हुँदै आइरहेको छ। व्यक्तिगत रूपमा प्रयास भइरहे पनि सरकारी निकायबाट हुन सकेको छैन। त्यसैले सरकारले पूर्वाधारमा लगानी गर्नु अति आवश्यक छ।

*(प्रधान, सहिद भीमनारायण गोल्डकप प्रतियोगिताका संयोजक हुन्।)*

# हिरासत छल्न अस्पतालको डिलक्स रुम

**गोविन्द महतो** | *जनकपुरधाम*

धनुषामा हिरासत छल्न एक अभियुक्तलाई अस्पतालमा राखेर होटल बराबरको सुविधा प्रदान गरिएको भेटिएको छ। धनुषा प्रहरीले हिरासत छल्न एक सामान्य स्वास्थ्य अवस्थाका व्यक्तिलाई डाइरिया र डिहाइड्रेसनको बहानामा अस्पतालमा राखेर विशेष सुविधा दिलाएको पाइएको हो।

ठगी मुद्दाका प्रतिवादी स्थायी घर काठमाडौं भएका ५६ वर्षीय लेखनाथ वाग्लेलाई हिरासत छल्न स्वास्थ्य समस्या भएको कारण देखाएर वैशाख १६ गते आइतबारदेखि रिहा नहुन्जेलसम्म अस्पतालमा राखिएको पाइएको छ। हिरासतमा भएकालाई चिकित्सकले गरेका सिफारिससमेत असामान्य र अविश्वसनीय भएको भन्दै विरोध भइरहेको समयमा जनकपुरधाम जानकी चोकस्थित रामजानकी हस्पिटल प्रालिको डिलक्स कोठामा वाग्लेलाई होटलको सुविधा दिएर राखेको पाइएको हो।

नेपाल मेडिकल काउन्सीलले गृह मन्त्रालयलाई बुझाएको प्रतिवेदनमा शारीरिक एवं मानसिक रूपमा अस्वस्थ भएको र दीर्घरोगीहरू जस्तैः उच्च रक्तचाप, मधुमेहलगायत नियन्त्रण नभएर अस्पतालमै बसेर उपचार गर्नुपर्ने अवस्था भएका बिरामीले मात्रै अस्पताल भर्ना हुन पाउने व्यवस्था छ। तर, वाग्लेलाई बिना कुनै सिफारिस प्राइभेट अस्पतालको डिलक्स रुममा भर्ना गराएर हिरासत छल्न बिरामी भएको नाटक रचिएको प्रहरी स्रोतको भनाइ छ।

गृह मन्त्रालयले सरकारी अस्पताल वा अस्पताल भर्ना गर्नुपर्ने विकल्पका रूपमा हिरासतमा नै सरकारी अस्पताल वा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सकले परीक्षण गरेर मात्र अस्पताल राख्नुपर्ने/नपर्ने सम्बन्धमा निर्णय गर्नुपर्नेमा बिना सिफारिस रामजानकी हस्पिटलमा वैशाख १६ गते भर्ना गरी ९ दिन राखेर सरकारी वकिल कार्यालयमा मिलापत्र गरी रिहा गरिएको छ। त्यस्तै अस्पतालमा अब्जरभेसनका लागि ४८ घण्टाभन्दा बढी राख्नु परेमा उपयुक्त कारण खुलाउन मन्त्रालयले निर्देशन दिए पनि गृहको निर्देशन अटेर गरी धनुषाका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीले निजी अस्पतालमा भर्ना गराउन छुट दिएको भेटिएको छ।




**अभियुक्तलाई हिरासत छल्न प्रयोग गरिएको रामजानकी हस्पिटल। ● गोविन्द महतो**

यता रामजानकी हस्पिटलका म्यानेजिङ डाइरेक्टर प्रकाशचन्द्र गुप्ताले जिल्ला प्रहरी कार्यालय धनुषाबाट प्रहरी सहितको टोली खटिएर भर्ना गरिदिन मौखिक रुपमा आएकोले आफूहरूले भर्ना गरेको स्विकार गरे। अस्पतालका सञ्चालक समिति सदस्य तथा डा. ओमशंकर यादवले लिखित रूपमा आफूहरूलाई कुनै पनि रेफर अथवा सरकारी चिकित्सकको सिफारिस नआएको खुलाए। उनले भने, 'मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रादेशिक अस्पतालबाट यहाँ ल्याइएको थाहा पाएँ तर कुनै पनि ठाउँको रेफर पुर्जा वा चिकित्सकीय सिफारिस आएको छैन। प्रहरीको साथमा बिरामी आएको थियो, त्यसैले विरामीलाई उपचार गर्नुपर्ने सम्झेर उपचार गरी पठाएको छु।'

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायव उपरिक्षक रञ्जन अवाले गृह मन्त्रालयको परिपत्र आउनुभन्दा पहिल्यै अभियुक्तलाई सरकारी वकिल कार्यालयबाट मिलापत्र भएर रिहा भइसकेको जानकारी दिए। उनले भने, 'वादी को थिए ? कहाँको मान्छे थिए थप बुझ्न जिल्ला प्रहरी कार्यालय आउनोस् र लैजानुस्।'

हिरासत छल्न बहानाबाजी गरी अस्पताल बस्नुमा धनुषाका प्रहरी उपरीक्षक तिवारीसहित उच्च पदस्थ अधिकारीहरूको मिलोमतो देखिएको छ। किनभने १६ गते हिरासतमा हुनुपर्ने व्यक्तिलाई निजी अस्पतालमा राखेर होटल सरहको सुविधा उपलब्ध गराउनु नै शंकास्पद रहेको बेलामा जिल्ला प्रहरी कार्यालय धनुषाका मुद्दा फाँटका प्रहरी निरिक्षक उपेन्द्र खरेलसँग जिज्ञासा राख्दा पक्राउ गरेर ल्याएको वा स्वयम् उपस्थित भएकाबारे खुल्न चाहेनन्। उनले सबै प्रक्रिया नै पुऱ्याएर गर्नुपर्छ भन्ने छैन भन्दै पन्छिए। खरेलले थप्दै भने, 'वीर अस्पतालमा हुनुपर्ने मान्छे नर्भिकमा कसरी जान्छ, त्यस्तै यहाँ पनि हो।'

यता मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका सहप्रबन्धक कृष्णचन्द्र दासले प्रादेशिक अस्पतालमा डाइरिया र डिहाइड्रेसन जस्ता बिरामीलाई रेफर गर्नुपर्ने कुनै कारण नभएको स्पष्ट पार्दै नियमविपरीत कुनै बिरामी आफ्नो मनमर्जी लगिए आफूहरूले पनि केही गर्न नसक्ने बताए। उनले भने, 'कसैले मनमौजी बिरामी ल्याउँछ भने त्यो हाम्रो सरोकारको विषय हैन। तर, डायरिया जस्ता सामान्य बिरामीलाई रेफर गरिएको छैन।'